नेपाल सरकार

उद्योग मन्त्रालय

"Development if not engendered, is in danger"

महिला उद्यमशीलताको अवस्था र महिला उद्यमीहरुलाई विशेष व्यवस्था

यामकुमारी खतिवडा (बास्कोटा)
सह सचिव
उद्योग मन्त्रालय

2073 /9/ 3

महिला र उद्योग ???



नेपालको सन्दर्भमा महिला उद्यमीशिलताको अवस्था

- महिलाहरुले हप्ताको १०४ घण्टा र पुरुषहरु ९८ घण्टा काम गरेको पाइन्छ जसमध्ये आर्थिक कियाकलापमा महिलाहरुको सहभागिता केवल ३६ घण्टा प्रतिहप्ता छ । गैर आर्थिक कियाकलाप वा घर भित्रको काममा महिलाहरुले २५ घण्टा र पुरुषहरुले ९ घण्टा मात्र काम गरेको देखिन्छ ।

- महिलाहरु श्रमको हिसावले सकिय भएता पनि आर्थिक कियाकलाप र घर वाहिरका काममा उनिहरुको संलग्नता कम देखिन्छ । महिलाहरुको घर भित्रको कामको आर्थिक मोल (Monitary Value) गणना नहुदा राष्ट्रिय आयमा यसको योगदान भएको पाइदैन ।

नेपालको सन्दर्भमा महिला उद्यमीशिलताको अवस्था...

- नेपालमा लघु उद्यमको शुरुवात ६० को दशकको अन्त्य देखि आएको हो त्यसमा पनि महिला उद्यमीहरुको प्रवर्द्धनको प्रयास त धैरै पछि सन् १९८८ ताका मात्र भएको पाइन्छ । अझै पनि औपचारिक उद्यमीको रुपमा नेपाली महिलाहरुको संख्या नगन्य नै रहेको पाइन्छ ।

- महिलाहरुको कामको खोजिको शिलशिलामा साना साना व्यापार व्यवसाय तर्फ आकर्षित भैरहेका छन् जस्तोकी गलैचा वुन्ने, कपडा तथा हस्तकला सम्वन्धमा ।

- सकिय महिलाहरुको ८२ % स्वरोजगार भएको देखिन्छ भने, १२ % ज्यालादारीमा काम गरेको पाइन्छ । ४ % भन्दा वढि महिलाहरु विना ज्याला घरायसी कार्य गरिरहेका छन् ।

नेपालको सन्दर्भमा महिला उद्यमीशिलताको अवस्था...

- राष्ट्रिय आयमा उद्योग क्षेत्रको कूल योगदान कुल ग्राहस्थ उत्पादनको करिव ६ प्रतिशत छ भने यसमा लघु उद्यम, साना र घरेलु उद्योगको योगदान ४ प्रतिशत छ ।
- अनौपचारिक रुपमा महिलाहरु परम्परागत घरेलु उद्योगमा धेरै पहिले देखिनै संलग्न रहेता पनि औपचारिक रुपमा सन् १९९० पछि मात्र उद्योग धन्दामा संलग्न रहेको पाइन्छ । तर अधिकांश महिलाहरु लघु तथा साना उद्यमी भएकाले यस्ता व्यवसायहरु दर्ता नै नगरी अनौपचारिक रुपमा सञ्चालनमा रहेका हुँदा यस्ता व्यवसायहरुको खास योगदान गणना हुन सकेको छैन ।

नेपालको सन्दर्भमा महिला उद्यमीशिलताको अवस्था...

देशमा लघु, घरेलु तथा साना उद्योगको संख्या करिव २ लाख ५० हजारको हाराहारीमा रहेको र तिनले सिर्जना गरेको रोजगारीको संख्या लगभग २२ लाख रहेको पाइन्छ । नेपाल सरकार उद्योग मन्त्रालयको मातहतमा सञ्चालन भइरहेको लघु उद्यम तर्फ मात्र लघु उद्यमी संख्या करिब जम्मा ८०००० रहेको छ भने उद्योगको प्रकृतिका आधारमा कृषिमा आधारित ५४% वनमा आधारित १८%, आर्टिसनमा आधारित १३%, सेवामा आधारित ६%, पर्यटनमा २% र अन्यमा ७% रहेका छन् ।

महिला उद्यमीहरुको वित्तिय पहुँचको अवस्था

- औपचारिक वित्तिय संस्थाहरुबाट ८.६ प्रतिशत
- आफ्नै श्रोतबाट ६७.३ प्रतिशत
- अन्य अनौपचारिक क्षेत्रबाट २४.४ प्रतिशत

महिला उद्यमीहरुको समस्याहरु/ चूनौतीहरु

- सानो परिमाणमा उत्पादन हुने गरेको र उद्यमहरु छरिएर रहनु,
- उत्पादित वस्तुहरुको ग्रेडिङ, टेष्टिङ, प्याकेजिङ, लेबलिङ, सर्टिफिकेशन जस्ता गुणस्तरसँग सम्बन्धित समस्याहरु
- व्यवसाय शुरु गर्नका लागि बिउ पूँजीको अभाव,
- वित्तिय पहुँचमा समस्या (लघुवित्त संस्थाले समेत Whole Sale Lending गर्ने गरेको),
- बजारीकरणको समस्या, आधुनिक प्रविधिको उपयोग गर्न नसकिनु,
- उत्पादन लागत बढी हुने हुँदा आयातित वस्तुहरुसँग प्रतिस्पर्धा गर्न नसक्नु,
- उत्पादित वस्तुहरुको विक्री कक्ष तथा प्रदर्शनीस्थलको अभाव,
- स्वदेशी वस्तुको उपयोगमा सार्वजनिक निकायहरुले समेत प्राथमिकता नदिनु जस्ता रहेका छन् ।
- तिव्ररुपमा भएको सुचना प्रविधिको विकास सगै प्रतिस्पर्धा गर्न नसकनु
- Poductive / Reproductive भुमिकालाइ सगै लैजान नसकनु,
- तुलनात्मक लाभ र प्रतिस्पर्धी क्षमता भएका क्षेत्रहरुको पहिचान गर्न नसकनु

औद्योगिक नीति,२०६७ मा महिला उद्यमीहरूका लागि विशेष व्यवस्था

१.कुनै पनि उद्योग/व्यवसाय सम्बन्धी नीति निर्माण गर्ने तहमा सम्बन्धित औद्योगिक व्यवसायमा संलग्न आदिवासी, जनजाती, दलित, मधेशी, सिमान्तकृत वर्गका महिलाहरुको प्रतिनिधित्व अनिवार्य गरिनेछ ।

२.घरेलु तथा साना स्तरका महिला उद्यमीहरुलाई सरल तथा सुलभ तरिकाबाट ऋण प्रवाह गर्न विभिन्न वैंकिङ्ग तथा सहकारी संस्थाहरुमा समुह ऋणको व्यवस्था गरिनेछ ।

३.उद्योग स्थापना गर्दा दिईने Venture Capital मा महिलाहरुलाई प्राथमिकता दिईनेछ ।

४.महिलाको नाममा मात्र उद्योग दर्ता गरिएमा त्यस्तो उद्योग दर्ता गर्दा लाग्ने दर्ता दस्तूरमा ३५ प्रतिशत छुट दिईनेछ ।

औद्योगिक नीति,२०६७ मा महिला उद्यमीहरूका लागि विशेष व्यवस्था...

५.महिला उद्यमीहरुले औद्योगिक क्षेत्रमा उद्योग राख्न चाहेमा विशेष प्राथमिकता दिइने छ ।

६.महिला उद्यमशिलता विकास गरी महिलाहरुलाई उद्यमी बन्न प्रोत्साहन गर्न प्रविधि विकाससम्वन्धी तालीम, सभा, सेमिनार, अध्ययन भ्रमण दलमा महिला उद्यमीहरुलाई समावेश गरिनेछ ।

७.विभिन्न विकास क्षेत्रहरुमा स्थापना हुने विक्री कक्षहरुमा महिला उद्यमीहरुद्धारा उत्पादित सामानहरुको विक्री कक्षको समेत व्यवस्था गरिनेछ ।

८.सरकारी निकायद्धारा संचालन गरिने उद्योग व्यवसायसम्बन्धी प्रदर्शनीमा महिला उद्यमीव्यवसायीहरुलाई अनिवार्यरुपमा संलग्न गराइनेछ ।

औद्योगिक नीति,२०६७ मा महिला उद्यमीहरूका लागि विशेष व्यवस्था...

९.आफ्नो औद्योगिक उत्पादन निर्यात गर्ने महिला उद्यमी व्यवसायीहरुलाई व्यवसायको वित्तीय स्थितिको आधारमा निर्यात कर्जा उपलब्ध गराउने व्यवस्था गरिनेछ ।

१०.महिलाको नाममा मात्र दर्ता भएको उद्योगलाई औद्योगिक सम्पत्ति पेटेण्ट, डिजाईन र ट्रेडमार्क दर्ता गराउँदा लाग्ने दस्तूरमा २० प्रतिशत छुट दिईनेछ ।

११.महिला उद्यमशीलता विकासका लागि छु§ महिला उद्यमशीलता विकास कोष खडा गरिनेछ ।

१२.महिला उद्यमीको विकासको लागि उद्योग मन्त्रालयमा छुट्टै बिषयगत एकाइ (unit) खडा गरिनेछ ।

औद्योगिक नीति,२०६७ मा महिला उद्यमीहरूका लागि विशेष व्यवस्था...

१३.सबै उद्योग व्यवसायले महिला उद्यमी, महिला कामदार र महिला सेवाग्राहीकाअधिकार संरक्षणका लागि कार्यस्थलमा लैंगिकतामा आधारित सबै प्रकारका हिंसाजन्य कार्य र व्यवहारको रोकथाम र नियन्त्रणका लागि निर्देशिका बनाई लागू गर्न अनिवार्य व्यवस्था गरिनेछ ।

१४.उद्योग प्रवर्द्धनसम्बन्धी योजना, कार्यक्रम तथा बजेटको कार्यान्वयनलाई लैंगिक मैत्री तुल्याई लैंगिक समानताको प्रत्याभूति सुनिश्चित गर्न सम्बन्धित नीति तथा कार्यक्रमकौ लैंगिक विश्लेषण र लेखाजोखा (Gender Analysis and Assessment),लैंगिक परीक्षण (Gender Audit) तथा लैंगिक बजेट (Gender Budget) पद्धति कार्यान्वयनमा ल्याइनेछ ।

औद्योगिक व्यवसाय ऐन, २०७३ मा महिला उद्यमीहरुको लागि देहाय बमोजिमका विशेष व्यवस्था गरिएको छ ।

- लघु उद्यमलाई पहिलो पटक कानुनी मान्यता दिँदै निशुल्क दर्ता गर्ने र १० वर्ष सम्म आयकर छुट दिने व्यवस्था गरिएको छ । त्यसै गरी घरेलु उद्योगलाई प्राथमिकता प्राप्त उद्योगको रुपमा वर्गीकरण गरिएको छ ।

- साना तथा घरेलु उद्योगको उत्पादनको बजार प्रवर्द्धनका लागि उपकरार गरी उत्पादन गर्न सक्ने व्यवस्था छ ।
- लघु, घरेलु तथा साना उद्योगको प्रवर्द्धनका लागि स्थानीय स्तरमा जिल्ला स्थित घरेलु तथा साना उद्योग महासंघको समेत प्रतिनिधित्व रहने गरी जिल्ला उद्योग प्रवर्द्धन समितिको गठन हुने व्यवस्था छ

औद्योगिक व्यवसाय ऐन,२०७३ मा महिला उद्यमीहरुको लागि देहाय बमोजिमका विशेष व्यवस्था गरिएको छ ...

- महिलाको स्वामित्वमा दर्ता उद्योगको दर्ता रजिष्ट्रेशन दस्तुरमा ३५ छुट हुने र बौद्धिक सम्पत्ति सम्बन्धी उद्योग दर्ता भएमा २० प्रतिशत छुट हुने व्यवस्था रहेको
- महिला उद्यमीहरुको सरल वित्तीय पहुँचका लागि महिला उद्यमशीलता विकास कोषको स्थापना सम्बन्धी प्रावधान राखिएको छ
- आफ्नो औद्योगिक उत्पादन निर्यात गर्ने महिला उद्यमी व्यवसायीहरुलाई व्यवसायको वित्तीय स्थितिको आधारमा निर्यात कर्जा उपलब्ध गराउने व्यवस्था गरिनेछ ।
- विशेष आर्थिक क्षेत्रमा महिला उद्यमीका उद्योगहरुलाई प्राथमिकताका साथ स्थापना र संचालन गर्ने व्यवस्था छ ।

मन्त्रालय र अन्तर्गतका कार्यालयहरुमा महिला उद्यमी सम्बन्धी अन्य व्यवस्था:

- महिला उद्यमशीलता विकास कोष (विना धितो ६ प्रतिशत व्याजदरमा ३ वर्षका लागि ५ लाख सम्म ऋण उपलब्ध गराउने, हाल २६ जिल्लामा सञ्चालित रहेको र ७५ वटै जिल्लामा पुऱ्याउने लक्ष्य) हाल करिब २४ करोड रहेको उक्त कोष हाल संचालनमा रहेकोछ ।
- गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम अन्तर्गत सञ्चालित कार्यक्रममा ७० प्रतिशत लक्षित समूह महिला रहने व्यवस्था रहेको ।
- मन्त्रालयबाट वार्षिक रुपमा उत्कृष्ट महिला उद्यमी सम्मान कार्यक्रम आयोजना गर्ने गरिएको ।
- औद्योगिक प्रतिष्ठानहरुमा हुने लैंगिक हिंसा विरुद्धको आचारसंहिता निर्माण गरिएको ।

नेपाल सरकार/मन्त्रालय र अन्तर्गतका कार्यालयहरुमा महिला उद्यमी सम्बन्धी अन्य व्यवस्था:

- औद्योगिक उत्पादनको बजार प्रवर्द्धनका लागि लघु उद्यम विकास कार्यक्रम (MEDEP) तथा घरेलु तथा साना उद्योग कार्यालय र समितिका कार्यालय मार्फत सौगात गृह स्थापना भै संचालनमा रहेका र उक्त सौगात गृह तथा कोशेली घरको संख्या बढाउदै जाने योजना रहेको छ ।
- अर्थ मन्त्रालयबाट भूकम्प पीडित उद्योग व्यवसायको पुनरुद्धार कोषको व्यवस्था गरिएको छ । उक्त कोषमा लघु, घरेलु तथा साना उद्योगहरु समेत लाभान्वित हुने गरी विभिन्न व्यवस्था रहेको छ ।
- नेपाल राष्ट्र बैंक मार्फत पनि लघु उद्यमीहरुका लागि Rural Self Reliance fund को रुपमा सस्तो ब्याजदरमा ऋण उपलब्ध गराउने व्यवस्था रहेको

नेपाल सरकार/मन्त्रालय र अन्तर्गतका कार्यालयहरुमा महिला उद्यमी सम्बन्धी अन्य व्यवस्था...

- स्वदेशी उद्योग र व्यवसायको संरक्षण र सम्वर्द्धन गर्न आवश्यक भएकोले सार्वजनिक निकायमा स्वदेशी वस्तुको उपयोग गर्ने सम्बन्धी निर्देशिका, २०७१ नेपाल सरकार (मन्त्रिपरिषद्) बाट स्वीकृत भै कार्यान्वयनमा आइसकेको छ । उक्त निर्देशिकालाई नेपाल राज्यभर पूर्ण रुपमा कार्यान्वयन गर्न गराउन उद्योग मन्त्रालयवाट विभिन्न प्रयासहरु भै रहेका छन् ।
- लघु, घरेलु तथा साना उद्योग व्यवसाय संचालनका लागि प्रविधी सहयोगको कार्यक्रम संचालन भैरहेकोछ ।

आर्थिक वर्ष २०७३/७४ को बजेट वक्तव्यमा भएका व्यवस्थाहरु

- आर्थिक वर्ष २०७३/७४ को बजेट वक्तव्यमा महिलाहरुको व्यवसायिक क्षमता विकासका लागि सीप विकास र अभिमुखीकरण सम्बन्धी तालिम प्रदान गरिनेछ । महिलाहरुमा उद्यमशीलता विकास गरी स्वरोजगारमा लाग्नका लागि सहयोग स्वरुप बीउ पूँजी उपलब्ध गराइनेछ ।
- आर्थिक वर्ष २०७३/७४ को बजेट वक्तव्यमा लैंगिक विभेदको अन्त्य, सीप तथा उद्यमशीलता विकास, प्राज्ञिक अनुसन्धान वृत्ति लगायतका महिला सशक्तिकरणका कार्यहरु अघि बढाउन आगामी आर्थिक वर्षदेखि राष्ट्रपति महिला उत्थान कार्यक्रम सञ्चालन गर्ने व्यवस्था
- लगानीको रणनीतिक सोच भएका नवप्रवर्द्धनकारी उद्यमशील युवाहरुलाई लगानीको बिउ पूँजी उपलब्ध गराउन रु. १ अर्बको च्यालेन्ज फण्डको व्यवस्था भएको,आवश्यक नीतिगत व्यवस्था गरी कोष सञ्चालन गरिने ।

लघु तथा घरेलु उद्योग प्रवर्द्धनका लागि गरिनुपर्ने विशेष पहलहरु

- नीतिगत/कानूनी सुधार
- संस्थागत/संरचनागत व्यवस्थामा गरिनुपर्ने सुधार
- उपयुक्त जनशक्तिको व्यवस्था
- नविन प्रविधिमा विशेष अनुदान
- सहज र सहुलियत दरमा कर्जा प्रवाहको व्यवस्था
- व्यवसाय शुरु गर्न पूँजीको व्यवस्था (Start up fund) / बीउ पूँजीको व्यवस्था (Seed Money)
- साझा सुविधा केन्द्रहरुको स्थापना (Common Facility Centre को व्यवस्था)

लघु तथा घरेलु उद्योग प्रवर्द्धनका लागि गरिनुपर्ने विशेष पहलहरु

- राजमार्ग बिसौनी (Highway Station) हरु स्थापना गरिनुपर्ने,
- उपकरार नीति (Sub Contacting) को व्यवस्था गरिनुपर्ने,
- बिक्री कक्ष (Sales Outlet) को स्थापना गरिनुपर्ने,
- परम्परागत पेशामा आधारित उद्योगको संरक्षण गर्ने,
- खास समुहको पेशाको संरक्षण र संवर्द्धन गर्नुपर्ने,
- उत्पादन तथा प्रशोधन केन्द्रको स्थापना,
- One Village One Product को अवधारणाअनुसार कार्यक्रम सञ्चालन गर्नुपर्ने,
- भूकम्पग्रस्त क्षेत्र जहाँका वस्तीहरु स्थानान्तरण गर्नु पर्ने अवस्थामा छन् त्यस्ता वस्तीहरु सहित त्यहाँ रहेका उद्योगहरुलाई समेत संरक्षण गर्ने हिसावले उद्योगहरुका लागि उचित स्थानमा पुनः व्यवस्था गर्न Scoping गर्न पुनः निर्माण प्राधिकरणलाई अनुरोध गर्न उपयुक्त हुने ।